# नेपाल राजपत्र

## भाग ५

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, चैत्र ११ गते २०३१ साल**

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकारका बीच फ्रेब्रुअरी २, १९७५ तदनुसार २०३१ साल माघ २० गते भएको पोखरा–सुर्खेत राजमार्ग निर्माणसम्बन्धी सम्झौताको प्रामाणिक प्रतिहरू नेपाली, चिनिया र अंग्रेजी भाषामा भएकोमा त्यसको नेपाली र अंग्रेजी भाषाको प्रतिहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकारका
बीच भएको पोखरा–सुर्खेत राजमार्ग निर्माणसम्बन्धी
सम्झौता

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकारले दुई देशका बीच रहेको मैत्रीपूर्ण सम्बन्ध तथा सहयोगलाई अरू विकसित पार्ने हेतुले मैत्रीपूर्ण सरसल्लाहद्वारा देहायबमोजिम गर्न मञ्जूर गरेका छन्:–

धारा १

राष्ट्रिय आर्थिक व्यवस्था विकास गर्न श्री ५ को सरकार नेपालको आवश्यकता अनुरूप जनवादी गणतन्त्र चीन सरकारले श्री ५ को सरकार, नेपाललाई विना कुनै शर्त अथवा कुनै किसिमको सुविधासमेत नखोजी पोखरा–सुर्खेत राजमार्ग निर्माण गर्न मद्दत गर्न अनुदानको रूपमा आर्थिक तथा प्राविधिक सहायता प्रदान गर्न स्वीकार गरेको छ।



T69

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## धारा २

दुबै पक्षले उपरोक्त राजमार्ग बाग्लुङ, बुर्तिवाङ तथा जाजरकोट हुँदै पोखरादेखि सुर्खेतसम्म जाने गरी जम्मा लम्बाई करीब ४०७ किलोमिटर हुने कुरामा मञ्जूर गरेका छन्।

सडकको बनावट, सतहको किसिम र पुलहरू तथा कल्भर्टहरूसम्बन्धी स्तरको निर्धारण र यस्तै अन्य मामलाहरूमा पछि दुई पक्ष बीच छलफलद्वारा निश्चित गरिनेछ।

## धारा ३

निर्माण कार्यसम्बन्धी प्रशासन र संगठनलाई सुविधाजनक हुने दृष्टिकोणले यो सडकको निर्माण र हस्तान्तरणसमेत खण्ड खण्ड गरी गरिने कुरामा दुबै पक्ष सहमत भएका छन्। एक खण्डको निर्माण कार्य समाप्त भै नेपाली पक्षलाई हस्तान्तरण नगरिएसम्म नयाँ खण्डको निर्माण कार्य शुरू गरिनें छैन। यस राजमार्गको विभिन्न खण्डहरूको सर्वे, डिजाइन तथा निर्माणसम्बन्धी कुराहरूमा दुबै पक्षले खण्ड खण्डको लागि छलफल गरी निर्णय गर्नेछन्।

## धारा ४

यस राजमार्गको निर्माणको लागि श्री ५ को सरकार,नेपाललाई जनवादी गणतन्त्र चीन सरकारले निम्नबमोजिम सहायता गर्नेछः–

१. प्राविधिक सरसल्लाह उपलब्ध गराउन आवश्यक इञ्जिनीयरिंग तथा प्राविधिक कर्मचारीहरू पठाउने;

२. निर्माणको लागि सडक निर्माणसम्बन्धी मेशिनरीहरू, औजारहरू तथा सामाग्रीहरू उपलब्ध गराउने; र

३. केही मालसामानहरू उपलब्ध गराउने जसको बिक्रीबाट उठेको रकम यो राजमार्ग निर्माणको लागि आवश्यक हुने स्थानीय खर्च व्यहोर्न प्रयोग गरिनेछ।

उपरोक्त तीनै कुराहरूको कार्यान्वयनसम्बन्धी विस्तृत विवरण बारे दुबै पक्षले पछि छलफल गरी निर्णय गर्नेछन्।

## धारा ५

वर्तमान सम्झौताको कार्यान्वयनको लागि लेखासम्बन्धी कार्यविधि बारे प्राविधिक व्यवस्था सम्बन्धमा नेपाल राष्ट्रबैङ्क र पिपुल्स बैङ्क अफ् चाइनाले आपसी सल्लाहद्वारा तय गर्नेछन्।

## धारा ६

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ र दुबै पक्षले यस सम्झौता अन्तर्गतको दायित्वहरू पूर्ण रूपमा पूरा नगर्दासम्म लागू रहनेछ।

सन् १९७५, फेब्रुअरी २ तारीखका दिन नेपाली, चिनिया र अंग्रेजी भाषामा प्रत्येकको दुई दुई प्रतिमा सबै बराबर किसिमले प्रमाणित हुने गरी यो सम्झौतामा हस्ताक्षर गरियो।

| | |
|---|---|
| द. भेषबहादुर थापा | द. तान्ग्रो चि |
| ........................ | ........................ |
| श्री ५ को सरकारका सर्वाधिकार सम्पन्न | जनवादी गणतन्त्र चीन सरकारका सर्वाधिकार सम्पन्न |

८१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# AGREEMENT BETWEEN HIS MAJESTY'S GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE PEOPLE'S REPUBLIC OF CHINA ON THE CONSTRUCTION OF THE POKHARA-SURKHET HIGHWAY

His Majesty's Government of Nepal and the Government of the People's Republic of China, desiring to further develop the friendly relations and co-operation between the two countries, have through friendly consultations agreed as follows:-

## Article 1

In accordance with the needs of His Majesty's Government of Nepal and in developing its national economy, the Government of the People's Republic of China agrees to provide His Majesty's Government of Nepal with a gratuitous economic and technical aid, without attaching any conditions or asking for any privileges, to help build the Pokhara-Surkhet Highway.

## Article 11

The two sides agree that the above-mentioned Highway shall be from Pokhara to Surkhet, via Baglung, Burtibang and Jajarkot, with a total length of about 407 kilometres.

The standards for the road formation, road surface, bridges and culverts and other matters shall be determined later through consultation between the two sides.

## Article 111

With a view to facilitating the organization and administration of the construction, the two sides agree that this Highway shall be constructed and handed over section, by section. The construction work of a new section shall not be commenced until the preceding section is completed and handed over to the Nepalese side. Matters relating to the survey, design and construction of the various sections of this Highway shall be discussed and decided upon section by section by the two sides.

## Article IV

The Government of the People's Republic of China shall assist His Majesty's Government of Nepal in the building of this Highway by:

1. Dispatching a necessary number of engineering and technical personnel to render technical guidance ;

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2. Providing road building machines, tools and materials needed for the construction; and,

3. Supplying a certain amount of commodities, the sale proceeds of which shall be used to meet the local expenses arising from the construction of this Highway.

The details regarding the implementation of the above three provisions shall be discussed and decided upon later by two sides.

## Article V

The Nepal Rashtra Bank and the People's Bank of China shall work out through mutual consultation the technical arrangements on the accounting procedures for the implementation of the present Agreement.

## Article VI

This Agreement shall enter into force on the date of signature and shall remain in force until the complete fulfilment by the two sides of all their obligations hereunder.

Done in duplicate in Kathmandu on February 2, 1975 in the Nepalese, Chinese and English languages, all three texts being equally authentic.

| | |
|---|---|
| Sd/-Bhekh Bahadur Thapa<br>Plenipotentiary of<br>His Majesty's Government of Nepal | Sd/-Tao chih<br>Plenipotentiary of<br>the Government of the<br>People's Republic of China |

आज्ञाले–
बलराम सिंह मल्ल
श्री ५ को सरकारको उप–सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।